तारकेश्वर नगरपालिका

तारकेश्वर नगरपालिका

# स्थानीय राजपत्र



भाग १ | खण्ड १० | संख्या ३ | मिति: २०८३/०३/२२


*नगरसभाबाट स्वीकृत मिति : २०८३/०३/०६*

*प्रमाणिकरण मिति २०८३/०३/२२*

## तारकेश्वर नगरपालिकाको नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०८३

**प्रस्तावनाः**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी कार्यलाई प्रभावकारी, समन्वयात्मक, व्यवस्थित तथा कार्यसम्पादनमुखी बनाई विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य, उद्धार, राहत, पुनःस्थापना तथा पुनर्निर्माणका कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न, विपद्को समयमा शीघ्र निर्णय तथा आवश्यक स्रोत, साधन र जनशक्तिको तत्काल परिचालन गर्न सक्ने व्यवस्था सुनिश्चित गर्न, नगर विपद् व्यवस्थापन समितिमा आवश्यक पदाधिकारी तथा सम्बन्धित सरोकारवालाको उपयुक्त प्रतिनिधित्व कायम राख्दै समितिको संरचना तथा सदस्य संख्या युक्तिसंगत बनाई समितिको काम, कर्तव्य र निर्णय प्रक्रियालाई थप प्रभावकारी तथा चुस्त बनाउन तारकेश्वर नगरपालिकाको नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकाले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम तारकेश्वर नगरपालिकाको नगरसभाले यो ऐन संशोधन गरी लागू गरेको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भमा देहाय बमोजिम संशोधन गरिएको छः-**

(१) यस ऐनको नाम "तारकेश्वर नगरपालिकाको नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. मूल ऐनको दफा ३ को उपदफा (२) मा रहेको नगर विपद् व्यवस्थापन समितिको गठनसम्बन्धी व्यवस्था देहायबमोजिम संशोधन गरिएको छः–**

**(२) नगर विपद् व्यवस्थापन समितिः** नगर विपद् व्यवस्थापन समितिमा देहायका अध्यक्ष, सदस्य तथा सदस्य–सचिव रहनेछन्ः–

(क) नगर प्रमुख – संयोजक

(ख) नगर उपप्रमुख – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) वडा अध्यक्ष (१-११) – सदस्य

(ङ) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय – सदस्य

(च) स्वास्थ्य शाखा प्रमुख – सदस्य

(छ) पूर्वाधार विकास शाखा प्रमुख – सदस्य

(ज) प्रशासन शाखा प्रमुख – सदस्य

(झ) नगर प्रहरी प्रमुख – सदस्य

(ञ) नेपाल पत्रकार महासंघको स्थानीय प्रतिनिधि (१ जना) – सदस्य

(ट) तारकेश्वर नगरपालिकाको भौगोलिक क्षेत्रभित्र रहेका सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि – सदस्य

(ठ) नेपाल रेडक्रस सोसाइटीका स्थानीय प्रतिनिधि (१ जना) – सदस्य

(ड) नीजि क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यताप्राप्त संस्थाको नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि (१ जना) सदस्य

(ढ) निर्माण व्यवसायी सम्बन्धी मान्यताप्राप्त संस्थाको नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि (१ जना) - सदस्य

(ण) नगर प्रमुखले मनोनयन गरेका विपद् व्यवस्थापन सम्बन्धी विज्ञ १ महिला सहित २ जना - सदस्य

(त) विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको महाशाखा/शाखा प्रमुख – सदस्य सचिव

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि क्रम संख्या ट, ठ, ड र ढ का सदस्यहरु उपलब्ध नभएको अवस्थामा पनि समिति गठन एवं कामकारबाही गर्नमा असर पर्ने छैन ।

**आज्ञाले,**
**प्रमुख प्रशासकीय अधिकृत**
**धर्मराज लम्साल**